सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक २९२ ♦ २०८३ साल असार २४ बुधवार ♦ 8 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेस सरकारको बजेटमाथिको छलफल अन्यौलमा

**खबर दर्पण समाचारदाता**
**असार २३ गते, बर्दिवास**



राजनीतिक दलबीच सहमति जुट्न नसक्दा मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको विनियोजन विधेयकमाथिको छलफल अझै अन्योलमा परेको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ सकिन एक साता मात्र बाँकी रहँदा पनि प्रदेश सरकारले असार १ गते प्रस्तुत गरेको बजेटमाथि प्रदेशसभामा छलफल सुरु हुन सकेको छैन ।

बजेटमाथि छलफलका लागि असार १७ गते बोलाइएको प्रदेशसभा बैठकमा प्रतिपक्षी दल जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीले बजेट संशोधनको माग गर्दै बैठक अवरुद्ध गरेका थिए । त्यसपछि सभामुख रामअशिष यादवले बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको थियो ।

प्रदेशसभा सचिवालयका सचिव बासुप्रसाद कोइरालाका अनुसार बैठक सञ्चालनका लागि सभामुखको पहलमा सत्तापक्ष र प्रतिपक्षबीच पटक-पटक छलफल भए पनि सहमति जुट्न सकेको छैन । यद्यपि, दलहरूबीच संवाद भने निरन्तर जारी रहेको उनले बताए ।

प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रतिपक्षसँग निरन्तर छलफल भइरहेको र सहमतिका आधारमा चालु आर्थिक वर्षभित्रै बजेट पारित गर्ने प्रयास भइरहेको बताए । "हामी प्रतिपक्ष दलका नेताहरूसँग पटक-पटक छलफल गरिरहेका छौँ, छिट्टै सहमति जुटाएर प्रदेशसभा सञ्चालन गर्ने र बजेट पारित गर्नेमा विश्वस्त छौँ", उनले भने ।

मुख्यमन्त्री यादवले प्रतिपक्षले उठाएका जायज विषयलाई सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै बजेटका विषयमा सरकारमाथि लगाइएका आरोपमा कुनै सत्यता नरहेको दाबी गरियो ।

प्रतिपक्षी दलहरूले भने बजेट संशोधन नभएसम्म प्रदेशसभाको बैठक सञ्चालन हुन नदिने अडान कायम राखेका छन् । जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीले जनकपुरधाममा संयुक्त पत्रकार सम्मेलन गरी आगामी आर्थिक वर्षको बजेट अव्यावहारिक, असन्तुलित र सङ्घीयताको मर्मविपरीत रहेको भन्दै संशोधन नभएसम्म प्रदेशसभा अघि बढ्न नदिने चेतावनी दिएका छन् ।

प्रतिपक्षी दलहरूले मधेस प्रदेशका गौरवका आयोजना बजेटमा समावेश गर्न, सबै निर्वाचन क्षेत्रमा समानुपातिक रूपमा बजेट विनियोजन गर्न तथा बजेट संशोधन गर्नुपर्ने माग गरेका छन् । पूर्वमुख्यमन्त्री तथा प्रदेशसभा सदस्य लालबाबु राउतले सरकारले विधि र प्रक्रिया पूरा नगरी आग्रह र पूर्वाग्रहका आधारमा बजेट विनियोजन गरेको आरोप लगाउँदै संशोधन आवश्यक रहेको बताए ।

पूर्वमुख्यमन्त्री तथा प्रदेशसभा सदस्य जितेन्द्र सोनलले बजेट निर्माणका क्रममा कानुनी प्रक्रिया पालना नगरिएको दाबी गर्दै सबै निर्वाचन क्षेत्रमा समानुपातिक रूपमा बजेट विनियोजन हुनुपर्नेमा जोड दिए ।

जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंहले सरकारले सङ्घीयताको मर्मविपरीत बजेट ल्याएको आरोप लगाउँदै एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने आफ्नो प्रतिबद्धताबाट सरकार पछि हटेको टिप्पणी गरियो ।

मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कृषि नवप्रवर्तन, उद्यमशीलता प्रवर्द्धन, शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्दै रु। ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रदेशसभामा प्रस्तुत गरिएको थियो ।

## धनुषामा बस दुर्घटनामा चालकसहित तीन जना घाइते




**खबर दर्पण समाचारदाता**
**असार २३ गते, बर्दिवास**

धनुषाको धनुषाधाम नगर पालिका-९, धारापानीस्थित पूर्वपश्चिम लोकमार्गमा यात्रुवाहक बस दुर्घटना हुँदा चालकसहित तीन जना घाइते भएका छन् । दुर्घटनामा परेर बसमा सवार १४ जनामध्ये तीन जना घाइते भएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले सोमबार राति करिब १ बजे काँकडभिट्टाबाट वीरगञ्जतर्फ जाँदै गरेको प्रदेश १-०१-००१ ख ३८४३ नम्बर को बस अनियन्त्रित भएर सडकछेउ पल्टिएर दुर्घटना बताउनुभयो ।

दुर्घटनामा बस चालक झापाको मेचीनगर नगरपालिका-७, निवासी ३५ वर्षीय सन्तुलाल चौधरी घाइते भएका छन् । उहाँको शरीरका विभिन्न भागमा चोट लागेको छ र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । चालक चोधरीको जनकपुरधामस्थित साई ट्रमा सेन्टरमा उपचार भइरहेको छ ।

यस्तै, भारत निवासी ४० वर्षीय सन्दीप पाठक र उहाँको श्रीमती ३५ वर्षीया सुनिता क्षेत्रीको चोटपटक लागेको छ । दुवै जनाको धनुषाको वीरेन्द्रबजार स्थित कमलामाई अस्पतालमा उपचार भइरहेको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार सकुशल रहेका ११ यात्रुलाई अर्को बसमार्फत गन्तव्यतर्फ पठाइएको प्रहरीले जनाएको छ । दुर्घटनाको कारणबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै [illegible]तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

खबर दर्पण
राष्ट्रिय दैनिक



# १४ वर्षसम्म पनि अधुरो कमला पुल निर्माण, सास्ती भोग्दै स्थानीय

सुदीप राउत

सिरहा, । हुलाकी राजमार्गअन्तर्गत कमला नदीमा निर्माणाधीन पुल १४ वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन । हरेक वर्खामा आउने बाढीका कारण सिरहा र धनुषाका हजारौँ नागरिक आवतजावतमा सास्ती भोग्न बाध्य छन् । नदीको बीचमा अधुरा पिलर र खिया लागेका फलामे डन्डी अहिले पनि पुल निर्माण अलपत्र परेको अवस्थाको प्रतीक बनेका छन् ।



विसं २०६८ मा पुल निर्माण सुरु हुँदा स्थानीयवासीले वर्खायाममा सहज आवतजावत, प्रदेश राजधानी जनकपुरधामसम्म छोटो यात्रा, कृषि उपजको सहज ढुवानी तथा स्वास्थ्य सेवामा पहुँच बढ्ने अपेक्षा गरेका थिए । तर पुल अझै सञ्चालनमा आउन सकेको छैन ।

तर, समयको गतिसँगै नदीमा अनगिन्ती बाढी आए र बगे । यसबीचमा थुप्रै सरकार फेरिए, मन्त्री फेरिए तर ठेकेदारको म्याद थपिँदै गयो । विभागीय मन्त्रीदेखि प्रधानमन्त्रीसम्मको सिलसिलेवार अनुगमन भयो, प्रगतिका प्रतिवेदन तयार भए, तर स्थानीयको सास्ती उस्तै रह्यो । कागजमा ९३ प्रतिशत प्रगति देखाएर राज्यकोषबाट करोडौं रुपैयाँ भुक्तानी भइसके पनि भुइँमान्छेको सपना भने अझै कमलाको बगरमै अलपत्र छ ।

पुल निर्माण नहुँदा स्थानीयले हरेक वर्ष उस्तै सास्ती भोग्दै आएका छन् । सिरहा नगरपालिका–३ का किसान बलराम यादवले पीडा व्यक्त गर्दै भन्नुभयो, “यहाँका नागरिकलाई वस्तुभाउ चराउन, घाँसपात गर्न र उत्पादित तरकारी तथा दूध समयमै बजार पु-याउन चौध वर्षदेखि एउटै सास्ती छ । पुल नहुँदा वर्खामा पुरानो काठको डुङ्गामा ज्यान हत्केलामा राखेर पैदलयात्रु, साइकल र मोटरसाइकल वारपार गर्नुपर्छ । डुङ्गाको सन्तुलन बिग्रिएर बीचमै पल्टिने हो कि भन्ने त्रासमै हाम्रा १४ वर्ष विते ।” उनले पुल निर्माणमा भएको ढिलाइले स्थानीयको जनजीवन प्रभावित भएको बताए।

पुल नहुँदा स्थानीय किसानले उत्पादन समयमै बजार पुऱ्याउन नसक्दा आर्थिक नोक्सानी व्यहोर्नुपरेको छ । दूध तथा तरकारी ढुवानीमा विशेष समस्या हुने गरेको स्थानीयको भनाइ छ । सबैभन्दा पीडादायी अवस्था बिरामी, सुत्केरी र वृद्धवृद्धाको बनेको छ । आकस्मिक अवस्थामा अस्पताल पुग्नुपर्ने बेला नदीको भेल नै सबैभन्दा ठूलो अवरोध बन्छ ।

मधेस प्रदेशको आर्थिक ‘लाइफ लाइन’ मानिने हुलाकी राजमार्गअन्तर्गत तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित विसं २०६८ मा सुरु भएको थियो । तत्कालीन समयमा २४ करोड ९० लाख ९७ हजार २०० मा भएको ठेक्का सम्झौताअनुसार पुलसँगै एक हजार ३०० मिटर नदी नियन्त्रण (तटबन्ध) र दुई सय मिटर पहुँचमार्ग (एप्रोच रोड) निर्माण गर्नुपर्ने थियो । तर, राज्यकोषबाट रु २३ करोड १९ लाखभन्दा बढी रकम भुक्तानी भइसक्दा पुल सञ्चालनमा आउन सकेको छैन । कागजमा ९३ प्रतिशत भौतिक प्रगति देखिए पनि नागरिकले त्यसको प्रतिफल अझै पाएका छैनन् ।

पप्पु-लुम्बिनी बिल्डर्स जेभीले २०६८ जेठ ३१ मा ठेक्का पाई २०७१ मङ्सिर ३० भित्र सक्नुपर्ने यो आयोजना हाल नवौँ पटकको म्याद थप प्रक्रियामा छ । विसं २०७५ को बाढीपछि पप्पु कन्स्ट्रक्सन बाहिरिएर साझेदार लुम्बिनी बिल्डर्सले काम अन्तिम चरणमा पुऱ्याए पनि सञ्चालन नहुँदै २०७८ सालमा पुलका दुई वटा पिलर नदीमा भासिए । यति गम्भीर प्राविधिक त्रुटि हुँदा पनि सोही कम्पनीलाई नै पुनःनिर्माणको जिम्मा दिइए पनि चार वर्षदेखि अवस्था उस्तै छ ।

हुलाकी राजमार्ग निर्देशनालय, जनकपुरका आयोजना प्रमुख कृष्णकुमार महतोका अनुसार बाढीपछिको प्राविधिक मूल्याङ्कन, डिजाइन पुनरावलोकन र प्रशासनिक प्रक्रियाले निर्माण अवधि लम्बिएको हो ।

हाल पुनःनिर्माणका लागि जग (पायर) राख्ने काम सकिएर जमिनमाथिको संरचना मात्र बाँकी रहेको जानकारी दिँदै उनले भने, “नयाँ पुल बनाउनुभन्दा भत्किएको संरचना पुनःनिर्माण गर्नु आर्थिक रूपमा उपयुक्त भएकाले ताकेता गरिरहेका छौं । सम्झौताअनुसार ढिलाइको अतिरिक्त लागत निर्माण कम्पनी आफैंले व्यहोर्नेछ ।” यद्यपि, विसं २०६८ को २४ करोडको बजार मूल्य र आजको लागतबीच आकाश-जमिनको अन्तर आइसकेकाले राज्यले यस आयोजनाबाट अर्बौंको ‘अवसर लागत’ गुमाइसकेको छ ।

अर्थशास्त्रका प्राध्यापक धरणीधर अधिकारीका अनुसार हुलाकी राजमार्ग मधेस प्रदेशको मात्र नभई समग्र मुलुककै व्यापारिक तथा रणनीतिक मेरुदण्ड हो । उनी भने, “यति महत्वपूर्ण आयोजना १४ वर्षसम्म अलपत्र पर्नुले हाम्रो विकास प्रशासन र पुँजीगत खर्च गर्ने क्षमताको वास्तविक अवस्था उजागर गरेको छ । समयमै आयोजना सम्पन्न नहुँदा कृषि, व्यापार, औद्योगिक आपूर्ति शृङ्खला र स्थानीय अर्थतन्त्रमा दीर्घकालीन नकारात्मक असर परेको छ ।”

पुल निर्माणमा भएको ढिलाइले स्थानीय जनजीवन र बजार नराम्ररी प्रभावित भएको छ । सिरहा सदरमुकामबाट केवल ३१ किलोमिटर दूरीमा रहेको प्रदेश राजधानी जनकपुरधाम पुग्न अहिले चोहर्वा र ढल्केबर हुँदै करिब ९० किलोमिटर घुम्नुपर्ने बाध्यता छ, जबकि पुल बनेको भए यो दूरी आधा घण्टामै पार हुने थियो । बजार पहुँचको अभावमा स्थानीय किसानले आफ्ना उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् भने ढुवानी खर्च बढ्दा स्थानीय व्यवसायीहरूको प्रतिस्पर्धात्मक क्षमता समेत कमजोर बनेको छ ।

स्थानीय जनप्रतिनिधि र नागरिक समाजले पनि सरकारको उदासीनताप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन् । सिरहा नगर पालिका–६ का वडाध्यक्ष इन्द्रजित यादव भने, “राज्यले स्थानीय नागरिकमाथि सरासर अन्याय गरिरहेको छ । हरेक वर्खामा समस्या दोहोरिन्छ, वर्खा सकिएपछि पुलको चर्चा पनि सेलाउँछ । आखिर यो सास्ती कहिलेसम्म ?”

सरकारी वेवास्ताबाट निराश स्थानीय बासिन्दा अहिले भासिएको पुलको साटो नयाँ पुलको माग गर्दै जनस्तरबाटै बृहत् अभियान सञ्चालन गर्ने तयारीमा छन् । कमला पुल निर्माण संघर्ष समितिका संयोजक रामरिझन यादवले सरकारले जनतामाथि ठूलो अन्याय गरेको बताए ।

गत जेठमा भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले स्थलगत अनुगमन गरी निर्माण चाँडो सक्न निर्देशन दिएको थियो । सङ्घर्ष समितिमा आवद्ध स्थानीय इन्जिनियर प्रवीन यादवले भने, “हामीले अनुगमन र निर्देशन धेरै पटक देखिसक्यौँ, तर कामले गति लिएन । स्पष्ट कार्ययोजना र निश्चित समय सीमाविना दिइने निर्देशनले स्थानीयको विश्वास फर्कन सक्दैन, सरकारले अब आश्वासन होइन परिणाम देखाउनुपर्छ ।”

कमला पुलको १४ वर्षे अलपत्र कथा केवल एउटा पूर्वाधारको असफलता मात्र होइन, यो सार्वजनिक वित्त व्यवस्थापन, कमजोर ठेक्का प्रणाली, सुस्त विकास प्रशासन र जवाफदेहिताको अभावको ज्वलन्त ऐनाका रुपमा हेर्न सकिने स्थानीयको बुझाइ छ ।-रासस

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाइट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महोत्तरीबाट अवैध सालको काठसहित ट्याक्टर नियन्त्रणमा

**खबर दर्पण समाचारदाता**
**असार २३ गते, बर्दिवास**

महोत्तरी प्रहरीले अवैध सालको काठसहित वन तस्करीमा प्रयोग भएको एउटा ट्याक्टर नियन्त्रणमा लिएको छ। जिल्लाको गौशाला नगर पालिका-११ स्थित ढोलन खोला क्षेत्रबाट प्रहरीले काठ लोड गरि एको ज १ त २५२६ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको हो। ढोलन खोला तथा आसपासका जङ्गली क्षेत्रमा काठ तस्करीको गतिविधि बढेको सूचनाका आधारमा प्रहरी चौकी कान्तिबजारबाट मङ्गलबार बिहान गस्ती टोली परिचालन गरिएको थियो। प्रहरी टोलीलाई टाढैबाट देखेपछि ट्याक्टर चालक सवारीसाधन छाडेर फरार भएका थिए।

चालक फरार भए पनि प्रहरीले काठसहितको ट्याक्टर नियन्त्रणमा लिन सफल भएको जनाएको छ। नियन्त्रणमा लिइएको ट्याक्टरबाट २५.२८ क्युफिट बराबरका ११ थान सालका काठ बरामद गरिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तर ीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डीएसपी) पञ्चलाल गोलेका अनुसार बर ामद काठ र ट्याक्टरलाई आवश्यक अनुसन्धान तथा कार बाहीका लागि लक्ष्मिनियास्थित सब-डिभिजन वन कार्यालयमा बुझाइएको छ।

बरामद काठ वन क्षेत्रको कुन स्थानबाट चोरी गरी कहाँ लैजान खोजिएको हो भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले फरार चालकको खोजी तीव्र बनाएको र घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी गोलेले जानकारी दिनुभयो।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी दर्ता खारेजी गरिएको सूचना**
यस कार्यालयमा मिति २०६८।०५।०६ मा दर्ता भएको प्रा.लि.नं.८५८४४ भएको फिक्सन फ्याक्ट्री प्रोडक्सन (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०३।२२ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्होरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

# गौशाला : सात विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु

**खबर दर्पण समाचारदाता**
**असार २३ गते, बर्दिवास**

गौशालास्थित सात विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु भएपछि यहाँका अभिभावकलगायत विद्यार्थीको पहिलो रोजाइ नै सामुदायिक विद्यालय बन्दै गएको छ।

गौशाला नगरपालिकामा ३२ सार्वजनिक विद्यालय छन् । पहिलो चरणमा पाँच विद्यालयमा अङ्ग्रेजीमा पढाइ सुरु गरिएको हो । यहाँ कक्षा १ देखि कक्षा १२ सम्म अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु गरेका कारण विद्यार्थीका बाबुआमा र छात्रछात्राको चाहना नै समुदायस्तरीय पाठशालामा पढ्ने रहेको छ ।

त्रिभुवन मावि गौशाला र जनता मावि भरतपुरखोरमा कक्षा नर्सरी देखि कक्षा १० सम्म, श्री मावि निगौलमा कक्षा ४ सम्म, जनता मावि रजखोरमा कक्षा ५ सम्म, श्री राष्ट्रिय मावि कान्तिवजारमा कक्षा ५ सम्म अङ्ग्रेजी माध्यममा पढाइ भइ रहेको छ ।

पूर्वशिक्षक भरतसिंहले भने, "कुनै समय अभिभावकको पहिलो रोजाइ निजी विद्यालय बन्ने गरेकोमा हाल समुदायगत विद्यालयले अङ्ग्रेजी माध्यममा पढाइ सुरु गरेपछि अभिभावकको शिक्षामा लगानी बचत भएको बताए ।"

जनता मावि रजखोरका प्रधानाध्यापक अमोदकुमार साहले अभिभावकको इच्छाअनुसार बिद्यालयले अङ्ग्रेजी माध्यमबाट पठनपाठन सुरुआत गरेको बताए । उनले गौशाला नगरपालिकाले शिक्षामा एकरुपता ल्याउनुपर्ने बताए । नगरपालिकाले सामुदायिक विद्यालयमा अनिवार्य अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउन आएको निर्देशनअनुरुप सामुदायिक विद्यालयले अङ्ग्रेजी माध्यममा पढाउन सुरुगरेको शिक्षा समितिका सदस्य जीतेन्द्रकुमार सिंहले बताए ।

श्री मावि निगौलका प्रधानाध्यापक सिंहले नगर पालिकाबाट जारी गरिएको निर्देशनअनुरुप यहाँका समुदायगत बिद्यालयले अङ्ग्रेजी माध्यमबाट पठनपाठन निःशुल्क दिन थालेपछि पछिल्लो समयमा सार्वजनिक पाठशालाको चर्चा चुलिएको बताए ।



दरबन्दी मिलान, विद्यालय व्यवस्थापन समितिको सहयोगात्मक भूमिका लगायतका प्राविधिक पक्षलाई सम्बोधन गर्दै अङ्ग्रेजी माध्यमको पढाइलाई अभियानका रुपमा नगरपालिकाले नीति बनाएरै अगाडि बढने नगर शिक्षा अधिकृत सञ्जयकुमार सिंहले जानकारी दिए ।

गौशाला नगरपालिकाका नगर प्रमुख डा दीपेन्द्र महतोले शैक्षिक गुणस्तर प्रदान गर्नका लागि स्थानीय पालिकाले अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु गरेको जानकारी दिए । उनले विद्यालयमा तालिमप्राप्त शिक्षक, अत्यावश्यक पूर्वाधार, पाठ्यपुस्तकलगायतका आवश्यक शैक्षिक सामग्री प्रदान गर्दै अघि बढेको बताए ।

**छोरा छोरीमा भेदभाव नगरौं ।**
**छोरीलाई पनि विद्यालय पढ्न पठाऔं**


सधै र सबैको लागि खबर खोज्ने अभियान
**खबर दर्पण** राष्ट्रिय दैनिक
Khabar Darpan National Daily


तपाईहरु संग कुनै गजल.कविता छ भने,फोटो सहित कमेन्ट गर्नुहोस् ,तपाईको गजल. कविता भोलीको खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकामा शनिबार प्रकाशित हुनेछ ।

नोट : कृपया अगाडि हप्ता पर्ने साथीहरू नपठाउनुहोला ।
*अनि बेलुकाको ६ बजे भित्र सम्म प्राप्त भएको गजल.कविता मात्र लिनेछौ ।
*स्कूलका छात्र.छात्रालाई विशेष प्राथमिकता दिनेछ ।



थप जानकारीको लागि
अजय कुमार साह,धर्वेन्द्र कुमार यादव"यदुवन्शी"
(९८०७६७५१२५,९८४४०२५१८४,९८५४०२९०५३,९८०७८५०५८१)

**विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं**

- बर्षाको समयमा बाढी पहिरो तथा चटयाङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

# सजाइँदै टुटेश्वरनाथ मन्दिर: रङ्ग्याइँदै कैलाश

खबर दर्पण समाचारदाता

**असार २३ गते, बर्दिबास**




भगवान् शिवको आराधना र उपासना गरी मनाइने साउन महिना नजिकिँदै जाँदा महोत्तरीको बर्दिबास-५ स्थित टुटेश्वरनाथ महादेव मन्दिरको सरसफाइ र सजाउने कार्य सुरु भएको छ ।

'मधेसको कैलाश' भनिने मन्दिर वरपरका चुरेथुम्कामा रहेका रुखसमेत विभिन्न रङरोगन गरी कलात्मक रूपमा सजाइँदैछ। साउने मेलामा पुग्ने श्रद्धालुलाई विशेष अनुभूति गराउन साजसज्जा, रङरोगन र सरसफाइका कामलाई यस वर्ष विशेष रूपमा अघि बढाइएको मन्दिर संरक्षण समितिले जनाएको छ ।

सौरमास र चन्द्रमास गणनाअनुरुप साउनभरि यहाँ धार्मिक मेला लाग्ने परम्परा छ। तर यसपालि भने साउन १ गतेदेखि सुरु हुने त्यस मेला साउन पूर्णिमा अर्थात् भदौ १२ गतेसम्म सञ्चालन हुनेछ ।

"यहाँ वर्षभरि नै टाढाटाढाबाट श्रद्धालु आइरहन्छन्, तर प्रत्येक साउनमा विशेष मेलाको हुन्छ", समितिका अध्यक्ष राजाराम यादव भने, "साउनको पनि सोमबार विशेष मानिन्छ, मेलालाई विशेष तुल्याउन यस वर्ष पनि पहिलेदेखि नै साजसजा, रङरोगन र सरसफाइका काम बढाएका छौँ ।"

भगवान् शिवको बासस्थान कैलाश मानिने र टुटेश्वरनाथ मन्दिर चुरेस्थित पहाडी थुम्कामा अवस्थित हुँदा शिवको बासस्थानसँग जोडेर हेरिने गरिएको छ । "यो ठाउँ त्रेतायुगमा मिथिलाका राजा शिरध्वज जनक र द्वापर युगमा अर्जुनले तपस्या गरेका सन्दर्भसँग जोडिएको छ", टुटेश्वरका बासिन्दा पूर्वीय दर्शन परम्पराका जानकार यतिराज काफ्ले भने, "प्राचीन शिवलिङ्ग रहेको मान्यताले मन्दिर अवस्थित पहाडी थुम्कोलाई शिवको बासस्थानसँग जोडेर मधेसको कैलाश भनिने गरिएको हो ।"

भारतको देवघरस्थित वैद्यनाथ धामलाई पुकारिएझैँ टुटेश्वर नाथलाई पनि 'नेपालको बाबाधाम' भनिने गरिएको काफ्लेको भनाइ छ। पूर्वपश्चिम राजमार्गको टुटेश्वरचोकबाट आठ किलोमिटर वन क्षेत्र छिचोलेर पुग्न सकिन्छ ।

"माण्डवीगङ्गा नदी किनार, चारैतिर सघन वन, पहाडी शृङ्खला र सदाबहार सुगन्धित फूलको बासनाले जोसुकैलाई विशेष अनुभूति दिन्छ", टुटेश्वरनाथ महादेवको उद्भवबारे नै स्नातकोत्तर तहको सोध गर्नुभएका पत्रकार राजकरण महतो भने, "त्रेता र द्वापर युगसँग जोडिएको सन्दर्भबारे विस्तृत चर्चा हुनसकेका छैनन्, यसबारे तीनै तहका सरकार बीचको समन्वयले काम बढ्न जरुरी छ ।"

यसअघि २०५२ सालमै टुटेश्वरनाथ मन्दिरको संरक्षणमा स्थानीय चासो दिएपछि मधेस प्रदेश सरकारले पनि पछिल्लो समय पूर्वाधार विकास र संरक्षणमा सहयोग पुर्याएको छ । मधेस प्रदेशका तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंह र पर्यटनमन्त्री सकिल मिँयाले पनि त्यस क्षेत्रको अवलोकन गरिएको थियो । पछिल्लो समय उक्त ठाउँलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्न प्रयास भइरहेको छ ।

त्यस ठाउँको संरक्षण र प्रचारका लागि स्थानीयस्तरमा समुदायबाट भइरहेका प्रयत्न सकारात्मक भए पनि थप पहल आवश्यक रहेको स्थानीयको भनाइ छ ।

दर्शन गर्न त्यहाँ पुगिएकी हेटौँडाको बासामाढीकी तुलसा काफ्ले न्यौपाने भन्नुहुन्छ, "यो आस्था र विश्वासको थलो हो । राज्यको चासो र उपस्थितिले थप भरोसा जाग्न सक्छ।" त्यस मन्दिरमा महाशिवरात्रि र बालाचतुर्दशीमा पनि विशेष मेला लाग्दै आएको छ । त्यस मन्दिरमा बागमती र कोशी प्रदेश तथा भारतको बिहार, झारखण्ड र उत्तर प्रदेशसम्मका श्रद्धालु भक्तजन ठूलो सङ्ख्यामा आउने गरेको पाइएको छ ।

मन्दिरअवस्थित थुम्को परिसर वरपर असङ्ख्य सर्प देखिए पनि सर्पदंशका घटना कहिल्यै नभएका मन्दिरका पुजारी सिरी राय बताए । महादेवको दर्शन र प्रार्थनाले मनोकाङ्क्षा पूरा हुने, सद्भाव बढ्ने र शान्तिको अनुभूति मिल्ने गरेको गौशाला-४ रजखोरका ७५ वर्षीय वासुदेव महतो बताए । महतो माण्डवीगङ्गा, स्वर्णमति र वरुणवति नदीको त्रिवेणी सङ्गममा जल बोकेर २०४० सालदेखि १८ किलोमिटर घस्रेर पार गर्दै शिवलिङ्गमा जल चढाउँदै आएको छ । मन्दिर क्षेत्रको विकास र संरक्षणमा स्थानीयको चासोलाई राज्यले सम्बोधन गर्नुपर्ने महतोको सुझाव छ ।-रासस

## सन्तुलित जनसंख्या: विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

**स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।**

**औरही नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,